# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३।०७।११ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

---------------------------------------------------

मालपोत कार्यालय, सर्लाहीमा कार्यरत नायव सुब्बा राम नरेश रायले ईश्वरपुर नगरपालिका वडा नं.६ का स्वबासी जग्गाहरु दर्ता गरिदिए बापत प्रति धुर रु.१०,०००।- (दश हजार) का दरले विभिन्न बहानामा घुस रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा आयोगको बर्दिबास कार्यालयबाट खटिई गएको टोलीले निज ना.सु. राम नरेश रायलाई रु. १२,२५,०००।- (बाह्र लाख पच्चिस हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुदा निज राम नरेश रायले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुंदा निजलाई रु.१२,२५,०००।- (बाह्र लाख पच्चीस हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) (च) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(गणेश राज कार्की)
सह-सचिव एवं प्रवक्ता